# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड.१ चावि.नपा  असार ३२ गते २०७५ साल (संख्या ३)

नगरसभा को मिति २०७४ असार ३) गते स्वीकृत भएको देहाय  बँमोजिमको ऐन  स्थानीय  सरकार सँचालन ऐन ,२०७४ बमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## चामुण्डा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना** : चामुण्डा विन्द्रासैनीनगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चामुण्डा विन्द्रासैनी नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।
**२.सम्पति करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरीसम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।
(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम  हुनेछ ।
(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।
**३. भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर(मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाईने छैन ।
**४.घर जग्गा बहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम





हुनेछ ।
(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।
**५.व्यवसाय करः** (१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ ।इजाजत प्राप्त  व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।
(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।
(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।
**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मतृवा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापतअनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।
स्पष्टीकरणःयस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।
(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिंदा कर बुझाउने शर्त र विधि समेत तोकी  इजाजत दिनेछ ।
**७. सवारी साधन करः** (१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथास्कुटरमा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।
(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।
(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।
८.  विज्ञापन करः(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।
(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. मनोरञ्जन कर:(१) नगरपालिका क्षेत्रभित्र रहेका स्वीकृत सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय वा सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिमनगरपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने छ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. बहाल बिटौरी शुल्कः (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहाल बिटौरीमा दिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. पार्किङ्ग शुल्कः(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ। तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ।

१२. सेवा शुल्क, दस्तुर :(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरी लगाइनेछ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको





देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिका/नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क, दस्तुर तोकी लगाइने र उठाइनेछ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भए बमोजिम हुनेछ।

१३. बिक्री तथा निकासी शुल्क :(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सीमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ।

(४) कार्यपालिकालेआफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ।

१४.घरजग्गा रजिष्ट्रेशन शुल्क : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. दण्ड जरिवाना :(१)नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा

भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१६. कर छुट :(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको  कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८.ठेक्का आह्वान गर्न सक्ने :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।





(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. सहयोग गर्नुपर्ने :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. कार्यविधि बनाउन सक्ने :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भएपछि लागु हुनेछ ।

२२. प्रचलित कानुन बमोजिम हुने :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची-१
### (ऐनको दफा २ को उपदफा (२) संग सम्बन्धित)
### सम्पत्ति कर

| सम्पत्तिको प्रकार | करको दर (वार्षिक) | | |
|---|---|---|---|
| | घरायसी प्रयोजनमा रहेको | व्यवसायिक प्रयोजनमा रहेको ( भाडा लागेको वा कुनै व्यवसाय सञ्चालनमा रहेको | |
| | | मुख्य सडक | शाखा सडक वा अन्य क्षेत्र |
| ढुगा माटोको गारो तथा फूसको छाना भएको घर | एक मुष्ठ रु ... १० | ५० | ३० |
| ढुगा माटोको गारो तथा पत्थर वा जस्ताको छाना भएको घर | एक मुष्ठ रु ... २० | १०० | ५० |
| सिमेन्ट र ढुगाको गारो तथा पत्थर वा जस्ताको छाना भएको घर | एक मुष्ठ रु ... ३० | १५० | ८० |
| ढुंगा वा इटाको गारो भएको आर सि सि स्टक्चर घर | एक मुष्ठ रु ... ५० | २०० | १३० |

## अनुसूची २
### (ऐनको दफा ३ संग सम्बन्धित)
### भूमीकर (मालपोत) को दर

१. मालपोत

| १० रोपनीभन्दा कम क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी | | | | |
|---|---|---|---|---|
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | २५ | २० | १५ | १० |
| पाखो/वारी | १५ | १२ | ८ | ५ |
| **१० रोपनीदेखि ५० रोपनीसम्मको क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी** | | | | |
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | २७ | २२ | १७ | १२ |
| पाखो/वारी | १८ | १४ | १० | ६ |
| **५० रोपनीभन्दा बढी क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी** | | | | |
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | ३० | २५ | २० | १५ |
| पाखो/वारी | २० | १६ | १२ | ७ |





२. भूमि कर

भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, कृषि, वन पाखो वा बगर आदिउपयोगिताका आधारमा

| जग्गाको किसिम | भूमीकर प्रति रोपनी रु |
|---|---|
| व्यापारिक | ५० |
| आवासीय | २० |
| कृषि | ३० |
| वन, पाखो वा बगर | १० |

द्रष्टव्य :

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका क्षेत्रका जग्गाको हकमा नापी हुनुभन्दा अघिको कित्ताको आधारमा प्रति कित्ता रु .......का दरले भूमीकर/मालपोत लिइनेछ ।

(२) चिया, रवर खेती र निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गारहेको किसिम अनुसारको दरमा .....प्रतिशत छुट गरी लिइनेछ ।

(३) मालपोत वा भूमिकरको कूल रकम वार्षिक ......रुपैयाँभन्दा कम हुनेभएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर ....... रुपैयाँ कायम गरिनेछ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

## अनुसूची ३
### (ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)
### घर जग्गा बहाल करको दर

चमुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना,लघु तथा मझौला उद्योग, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा ५ प्रतिशतका दरले बहाल कर लिइने छ।

## अनुसूची ४
### (ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)
### व्यवसाय इजाजत (दर्ता नविकरण) दस्तुरको दर

| क.सं. | व्यवसायिक वस्तु | दर्ता | नवीकरण |
|---|---|---|---|
| १ | चुरोट,भिडियो,क्यासेट पसल | १००० | ५०० |
| २ | कम्प्युटर पसल | ५०० | २५० |
| ३ | सुनचाँदी | ७०० | ३५० |
| ४ | सवारी साधन बिक्री | ५०० | २५० |
| ५ | दैनिक उपभोग्य सामग्री विक्रि पसल | ५०० | २५० |
| ६ | कपडा,जुता चप्पल तथा फेन्सी पसल | ५०० | २५० |
| ७ | बिजुली पसल | ५०० | २५० |

| | | | |
|---|---|---|---|
| ८ | माछामासु पसल | ५०० | २५० |
| ८ | कुखुरा पालन व्यवसाय | ५०० | २५० |
| १० | टेलरिङ | ५०० | २५० |
| ११ | घुम्ति रेडियो | ५०० | २५० |
| क्र.सं. | विशेषज्ञ,परामर्श तथा सेवा प्रदायक | | |
| १ | चिकित्सक | १००० | ५०० |
| २ | कविराज | ८०० | ४०० |
| ३ | इन्जीनियर | १००० | ५०० |
| ४ | कानुन व्यासायी | १००० | ५०० |
| ५ | लेखापरिक्षक | १००० | ५०० |
| ६ | दन्तचिकित्सक | १००० | ५०० |
| ७ | परामर्श दाता | १००० | ५०० |
| ८ | computer analyst and programmer | १००० | ५०० |
| ९ | विमाअभिकर्ता | १००० | ५०० |
| १० | सर्भेयर | १००० | ५०० |
| ११ | अनुवादक | १००० | ५०० |
| १२ | पशु चिकित्सक | ५०० | २५० |
| १३ | शेयर दलाल | १००० | ५०० |
| १४ | सामान ढुवानी कम्पनी | १००० | ५०० |
| १५ | सामान्य लेखापढी | ५०० | २५० |
| १६ | व्यावसायिक भिडियो | १००० | ५०० |





| | | | |
|---|---|---|---|
| १७ | वैदेशिक रोजगार कम्पनी | १००० | ५०० |
| १८ | किराना पसल,थोक व्यापार | १००० | ५०० |
| १९ | किराना पसल साधारण | ७५० | ३०० |
| क्र.सं. | उद्योग | | |
| १ | उत्पादन मुलक | २००० | १००० |
| २ | उर्जामुलक | १५०० | ७५० |
| ३ | काष्ठकला | १५०० | ७५० |
| ४ | कृषि जन्य | ५०० | ३०० |
| ५ | सेवा उद्योग,पर्यटन | १००० | ५०० |
| ६ | निर्माण उद्योग,ग्यारेज | १००० | ५०० |
| ६ | ग्रिल उद्योग | २००० | १००० |
| क्र.सं. | संचार | | |
| १ | कुरियर सेवा | ५०० | ५०० |
| २ | प्रेस | १००० | १००० |
| ३ | F.M रेडियो तथा पत्रिका | ५००० | २५०० |
| क्र.सं. | वित्तिय सेवा | | |
| १ | सहकारी बैंक | २००० | १००० |
| २ | विमा कम्पनी | २००० | १००० |
| ३ | प्राइभेट बैंक | ५००० | ३००० |
| ४ | मेडिकल/क्लिनिक/वैकल्पिक चिकित्सा | १००० | ५०० |
| ५ | निजी अस्पताल | ५००० | २५०० |

| | | | |
|---|---|---|---|
| ६ | नर्शिङ होम /पोलीक्लिनिक | ३००० | ३००० |
| ७ | क्लिनिक /मेडिकल | १००० | ५०० |
| क.सं. | शिक्षा सेवा निजी क्षेत्र | | |
| १ | आ वि | १००० | ५०० |
| २ | मा वि | १५०० | ७५० |
| ४ | उच्च शिक्षा | २००० | १००० |
| क.सं. | अन्य | दर्ता | नवीकरण |
| १ | NGO दर्ता | २५०० | |
| २ | INGO दर्ता | ६००० | |
| ३ | NGO नवीकरण | | |
| ४ | १ लाख सम्म कारोवार | | ५०० |
| ५ | १ लख देखि ५ लाख सम्म कारोवार | | १००० |
| ६ | ५ लाख बेखि २० लाख सम्म कारोवार | | २००० |
| ७ | २० लाख देखि माथी कारोवार | | ३००० |
| ८ | आमा समुह | २०० | १०० |
| ९ | वन उपभोक्ता समिति | १००० | ५०० |
| १० | स्थानीय सहकारी समुह | ५०० | २५० |
| ११ | अन्य समुह/समिति | २०० | १०० |
| १२ | दुध डेरी | ५०० | २०० |
| १३ | कपाल काट्ने | ४०० | १०० |





| | | | |
|---|---|---|---|
| क.सं. | ग्यारेज (सबारी साधन मर्मत) | | |
| १ | हेभी इक्युपमेन्ट | ३००० | २००० |
| २ | अन्य | १००० | ५०० |
| ३ | डिलर ( भाडा वेच्ने) | १००० | ५०० |
| ४ | ग्यास विक्रेता | १००० | ५०० |
| ५ | साना मेशिनरी मर्मत | ३०० | २०० |
| ६ | पेट्रोल पम्प | ५००० | २५०० |
| ७ | व्युटीपालर तथा कस्मेटिक पसल | ५०० | २५० |
| ८ | फोटो स्टुडीयो | ५०० | २५० |
| ९ | पेन्टिङ तथा आर्ट पसल | ५०० | २५० |
| १० | पशुवध साला | ५०० | २५० |
| ११ | फलफुल तथा तरकारी पसल | ५०० | २५० |
| १२ | सिसा,पलाइउड पसल | ५०० | २५० |
| १३ | भाँडाकुडा पसल | ५०० | २५० |
| १४ | स्टिल दराज,तथा फर्निचर विक्रेता | १००० | ५०० |
| १५ | घुम्ती पसल (प्रतिदिन) | | १०० |
| १६ | एग्रोभेट | ५०० | २५० |
| क.सं. | होटेल तथा व्यवसाय | | |
| १ | RCC ठूलो सुविधा यूक्त | १५०० | १००० |
| २ | सानो | ७५० | ५०० |
| ३ | छाप्रो | ५०० | ५०० |
| ४ | चिया नास्ता पसल | ५०० | १०० |

| | | | |
|---|---|---|---|
| ५ | केवल नेटवर्किङ | ३००० | १५०० |
| ६ | स्टेशनरी पसल | १००० | ५०० |
| क्र.सं. | मदिरा पसल | | |
| १ | डिलर सिप | १०००० | ५००० |
| २ | खुद्रा | २५०० | १००० |
| ३ | रेमिटेन्स सेवा | २००० | १००० |
| ४ | निजी टेलिफोल टावर | १०००० | ५००० |
| ५ | सरकारी टेलिफोन टावर | ६००० | ३००० |
| ६ | मिल (कुटानी पिसानी) | २५०० | १५०० |
| ७ | समिल दर्ता | ५००० | २५०० |

नोट: आर्थिक वर्षको प्रथम तीन महिनाको लागि तोकिएको नवीकरण दस्तुर लाग्नेछ । त्यसपछिको तीन महिनाको लागि नवीकरण दस्तुरको ५० प्रतिशत र सो अवधि भन्दा पछि नवीकरण दस्तुरको ७५ प्रतिशत रकम थप लाग्नेछ । नगरपालिकाबाट अनुगमन गर्दा दर्ता नगरी वा नवीकरण नगरी कुनै व्यवसाय सञ्चालन गरेको पाइएमा उक्त व्यवसाय तत्काल बन्द गराई नियमानुसार दर्ता वा नवीकरण गर्न समय दिन सक्नेछ





**अनुसूची ५**

(ऐनको दफा ६ को उपदफा(१) संग सम्वन्धित)

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर**

| क्र. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, बनकस** | | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ०.२० | |
| २. | खोटो प्रति के.जी. | १.०० | |
| ३. | जटिबुटीहरु (.................................................) प्रति के. जी. | ०.३० | |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, बगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ०.१० | |
| **ख)** | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी (बियर) बोतलको साइज हेरी प्रति गोटा | ०.२० | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ०.१० | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | ०.०५ | |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रभित के.जी | ०.०५ | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोराप्रभित | ०.०५ | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रभित गोटा | ०.५०<br><br>०.२५ | |
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोबिल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्युब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी.<br>धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी.<br>(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br>पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.<br>सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी.<br>काँचको धुलो र टुक्रा प्रति के.जी. | <br>०.०५<br>०.०५<br>०.१०<br>०.५<br>०.५<br>०.२५<br>०.०५<br>०.०५<br>०.०५<br>०.०५<br><br>०.५०<br>१.००<br>१.००<br>०.५०<br>०.२५<br>०.२५ | |
| **ग)** | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका** | | |

| | | | |
|---|---|---|---|
| | **जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**<br>हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंग प्रति के.जी.<br>खुर प्रति के.जी.<br>छाला (ठूलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | <br>०.२५<br>२.००<br>२.५०<br>२.५०<br>५०.००<br>२५.०० | |





अनुसूची ६

(ऐनको दफा ७ को उपदफा(२) संग सम्वन्धित)

**सवारी साधन प्रदुषण करको दर**

| क्र.स. | सवारी साधनको किसिम | वार्षिक करको दर (रकमरु) | कैफियत |
|---|---|---|---|
| १. | मोटर साइकल | १००। | |
| २. | ट्र्याक्टर | ५००। | |
| ३. | अटोरिक्सा | २००। | |
| ४ | ट्रक | १०००। | |
| ५ | वस | १०००। | |
| ४. | विद्युतीय रिक्सा | ३०० | |

अनुसूची ७

(ऐनको दफा ८ को उपदफा(१) संग सम्वन्धित)

**विज्ञापन करको दर**

| विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) |
|---|---|
| ग्लो साइन वोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | ३ |
| वालपेन्ट विज्ञापन प्रति वर्ग फिट | २ |
| व्यानर बढीमा एक महिनाको लागि प्रतिगोटा | २० |

अनुसूची ८

(ऐनको दफा ९ को उपदफा(१) संग सम्वन्धित)

**मनोरञ्जन करको दर**

| किसिम | करको दर (रकम रु) |
|---|---|
| सिनेमा हल वार्षिक | ५००० |
| नाटक घर वार्षिक | २००० |
| मेला सर्कस बढीमा १५ दिनको लागि | ५००० |

## अनुसूची ९

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| क्र.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर प्रति महिना<br>ख) जग्गा प्रति कठ्ठा/रोपनी प्रति महिना<br>ग) अन्य सम्पत्ति प्रति महिना | <br>१००० <br>२०० <br>१०० | |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका (प्रति महिना)<br>क) अस्थाई टहरा प्रति गोटा<br>ख) छाप्रा प्रति गोटा<br>ग) पसल प्रति गोटा<br>घ) आवास प्रति बर्गफीट | १००<br>२००<br>३००<br>१० | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल प्रति महिना वा पटक<br>क) खाद्यान्न वा किराना पसल<br>ख) होटल<br>ग) होटल लज सहितको<br>घ) गहना पसल<br>ङ) फेन्सी पसल | १००<br>८०<br>१५०<br>२००<br>१५० | |
| ४. | अन्य केही भए | २०० | |





## अनुसूची १०

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने<br>क) बस, मिनीबस<br>ख) ट्रक, ट्याक्टर<br>ग) जीप, कार, भ्यान<br>घ) मोटरसाईकल<br>ङ) साइकल<br>च) गाडा (गोरु वा अन्य) | २०<br>२०<br>१०<br>५<br>१<br>१ | |
| २. | बस पार्कमा पार्किङ्ग गरिने<br>क) बस, मिनीबस<br>ख) ट्रक, ट्याक्टर<br>ग) जीप, कार, भ्यान | ५<br>४<br>२ | |

अनुसूची ११

(ऐनको दफा १२ को उपदफा(१), (२) र (३) संग सम्बन्धित)

**सेवा शूल्क, दस्तुरको दर**

| क्र. सं. | सेवा वा व्यवसायको किसिम | रकम रुमासिक | कैफियत |
|---|---|---|---|
| क) | सेवा शुल्क | | |
| १. | गाउँपालिका/नगरपालिका क्षेत्रभित्र सन्चालनमा रहेका स्थानीय पर्यटन, मनोरन्जन तथा साहसिक खेलकुद सम्बन्धी देहायका सेवा वा व्यवसाय :<br>क) केवलकार<br>ख) ट्रेकिङ्ग<br>ग) कायाकिङ्ग<br>घ) क्यानोनिङ्ग<br>ङ) बन्जी जम्प<br>च) जिपफ्लायर<br>छ) ऱ्याफ्टिङ्ग<br>ज) प्याराग्लाइडिङ्ग | २००० | |
| २. | गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा : | | |
| | क) खानेपानी | रु.१ प्रतिघर | |
| | ख) बिजुली | रु.१.५ प्रतिघर | |
| | ग) अतिथि गृह, चमेनागृह | रु.२००.०० | |
| | घ) धर्मशाला | | |
| | ङ) पुस्तकालय | रु.२००। | |
| | च) सभागृह | रु.५०.०० | |
| | छ) फोहोरमैला व्यवस्थापन | | |
| | ज) सरसफाई | रु.५०.०० प्रतिघर | |
| | झ) ढल निकास | रु.२०.०० प्रतिघर | |
| | ञ) सडक बत्ती | रु.२०.०० प्रतिघर | |
| | ट) शौचालय | रु.५०.०० प्रतिघर | |
| | ठ) पार्क | रु.५००.०० प्रतिघर | |
| | ड) स्नानगृह | | |
| | ढ) पौडी पोखरी | | |
| | ण) व्यायामशाला | रु.२०० | |
| | त) गेष्टहाउस | रु.५००.०० | |
| | थ) पर्यटकीय स्थल | | |





| क्र. सं. | सेवा वा व्यवसायको किसिम | रकम रुमासिक | कैफियत |
|---|---|---|---|
| | ➢ स्वदेशी नागरिक | रु.१०.०० | |
| | ➢ विदेशी नागरिक | रु.५०.०० | |
| | द) छात्रावास | रु.५००.०० | |
| | ध) हाटबजार | रु.५००.०० | |
| | न) पशु वधशाला | ० | |
| | प) शवदाहगृह | ० | |
| | फ) धोवीघाट | ० | |
| | ब) सडक | ० | |
| | भ) बस पार्क | ० | |
| | म) पुल | | |
| | य) त्यस्तै अन्यसेवासुविधा | | |
| ३. | ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क | | |
| | ➢ स्वदेशी नागरिक | रु.१०.०० | |
| | ➢ विदेशी नागरिक | रु.५०.०० | |
| ख) | दस्तुर | | |
| १. | क) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन दस्तुर | रु.१०००। | वार्षिक |
| | ख) नक्सा पास निवेदन दस्तुर | रु.१००। | वार्षिक |
| | ग) अन्य सबै प्रकारका निवेदन दस्तुर | रु.१००। | पटक |
| | ग) घर नक्शापास दस्तुर प्रति वर्ग फीट | | वार्षिक |
| | ▪ कच्ची | रु.२.०० | पटक |
| | ▪ पक्की | रु.४.०० | पटक |
| | घ) नक्सा नामसारी | रु.५००.०० | पटक |
| | ङ) सर्जमिन | रु.३००.०० | पटक |
| | च) घर निर्माण सम्पन्न प्रमाणपत्र | रु.१०००.०० | पटक |
| | छ) मिलापत्र दस्तुर | रु.५००.०० | पटक |
| | ज) मोहि नामसारी सिफारिश दस्तुर | रु.२००.०० | पटक |
| | झ) संस्था दर्ता सिफारिश दस्तुर | रु.५००.०० | पटक |
| | ञ) अन्य दस्तुर | | |
| २. | **अन्य सिफारिश,प्रमाणित दस्तुर तथा सेवा शुल्क** | | |
| | क) विद्यालय स्थापना सिफारिश | रु.५००.०० | |
| | ख) छुट जग्गा सिफारिश | रु.०.५० | प्रति वर्गमिटर |

| | | | |
|---|---|---|---|
| | ग) घर नम्बर | | |
| | घ) स्थलगत प्राविधिक सेवा शुल्क | | |
| | ङ) घरबाटो प्रमाणित | रु.५००। | पटक |
| | च) नाता प्रमाणित | रु.१००। | पटक |
| | छ) नागरिकता सिफारिश | रु.१००। | पटक |
| | ज) जग्गा नामसारी | रु.१००। | पटक |
| | झ) नाम, थर संशोधन | रु.१००। | पटक |
| | ञ) घर कायम | रु.१००। | पटक |
| | ट) विद्युत, टेलिफोन तथा धारा जडान सिफारिश | रु.१००। | पटक |
| | ठ) वैदेशिक रोजगारका लागि सिफारिश | रु.१००। | पटक |
| | ड) बसोबास प्रमाणित | रु.१००। | पटक |
| | ढ) चार किलला प्रमाणित | रु.१००। | पटक |
| | ण) उद्योग स्थापना सिफारिश | रु.१००। | पटक |
| | त) व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | रु.१००। | पटक |
| | थ) अन्य सबै प्रकारका सिफारिश, प्रमाणित तथा सेवाशुल्क | रु.१००। | पटक |
| ३. | **दर्ता, अनुमति नविकरण दस्तुर** | | |
| | क) सहकारी संस्था | ५०० | |
| | ख) एफ.एम. रेडियो | ५००० | |
| | ग) "घ" वर्गको निर्माण व्यवसायी इजाजत | १०००० | |
| | घ) संस्थागत विद्यालय स्थापना | ५००० | |
| | ङ) ट्युसन तथा कोचिङ्ग सेन्टर | ५०० | |
| | च) औषधी पसल | १००० | |
| | छ) स्थानीय व्यापारिक फर्म | ५०० | |
| | ज) अन्य | ८०० | |
| | | | |





## अनुसूची १२

(ऐनको दफा ११ को उपदफा (३) संग सम्बन्धित)

## बिक्री तथा निकासी शुल्क दस्तुरको दर

| क्र. सं. | बिक्री तथा निकासी हुने वस्तु | शुल्क दस्तुर ( रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री प्रति घनफीट : | | |
| | १ ट्र्याक्टर | २५० | |
| | क) ढुंगा प्रति ट्र्याक्टर | २५० | |
| | ख) गिट्टीप्रति ट्र्याक्टर | २५० | |
| | ग) बालुवाप्रति ट्र्याक्टर | ५० | |
| | घ) माटोप्रति ट्र्याक्टर | १५० | |
| | ङ) काठ दाउरा प्रति ट्र्याक्टर | १२५ | |
| | च) जराजुरीप्रति ट्र्याक्टर | १०१ | |
| | छ) स्लेटप्रति ट्र्याक्टर | | |
| | २.टिपर | | |
| | क ढुंगा प्रति टिपर | | |
| २ | नगरपालिका भन्दा बाहिर निकासी हुने अवस्थामा क्रमसंख्या १ मा उल्लिखित दरमा २० प्रतिशत रकम थप लाग्नेछ । | | |

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/१२/३०